# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुंगा

फोन नम्वर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्वर
०३७-५२००५१


### उद्यम विकास सहजकर्ता करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०७।२७

१.यस कार्यालयको लागी देहाय बमोजिमका पद सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता तथा अनुभव पूरा भएका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरू सहित सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ।

| | |
|---|---|
| विज्ञापन नं. | ६/०७७/०७८ |
| पद | उद्यम विकास सहजकर्ता |
| तह | सहायक स्तर चौथो /सहायक स्तर पाचौं |
| संख्या | २ (दुई) |
| आवश्यक न्युनतम शैक्षिक योग्यता | प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको मध्ये कुनै एक योग्यता हासिल गरेको हुनुपर्ने। |
| अनुभव | सम्वन्धित क्षेत्रको अनुभव हासिल गरेको उम्मेद्वारलाई विशेष ग्राह्यता दिइनेछ। |
| उमेर | दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको। |

२.दरखास्त दिने स्थान: सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय,ओखलढुंगा।

३.दरखास्त दिने अन्तिम मिति: २०७७।०८।११ (कार्यालय समय भित्र)

४.दरखास्त दस्तुर: रू ५००।-

५.छनौटको किसिम: प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित तथा अन्तरवार्ता।

६.दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू: नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपी, अनुभव खुल्ने कागजातहरूको प्रतिलिपी, २ प्रति पासपोर्ट साइजको फोटो र ब्यक्तिगत विवरण (Bio-Data)। (कागजातहरूको प्रतिलिपीहरूमा उम्मेद्वार स्वयंले प्रमाणित गरेको हुनुपर्ने)

७.सेवा / सुविधा: स्थानीय तहको समान पदले पाउने आधारभुत तलव रकम।

८.तोकिएको मितिभित्र कार्यालयमा आई पुग्ने गरी हुलाक, इमेल र फ्याक्सको माध्यमबाट समेत दरखास्त दिन सकिनेछ।

९.सहजकर्ताको कार्य विवरण: गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को अनुसूची १ मा उल्लेख भए वमोजिम हुनेछ।

९.सहजकर्ता पदको दरखास्त फाराम यस कार्यालयको Website: www.siddhicharanmun.gov.np मा समेत उपलब्ध हुनेछ। दरखास्त दस्तुर वापतको रकम र यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक ओखलढुगां शाखाको हि.नं. २०७०१००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजस्व शाखामा नगद वुझाएको सक्कल रसिद पेश गर्नु पर्नेछ। थप जानकारीको लागी कार्यालयको सम्पर्क नं. ०३७-५२०६८३ र मोवाइल नं.९८४४३९९८०४ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ।

2066/6/26

निमित्त प्रमुख प्रशासकीय अधिकृत